# न्याय परिषद सचिवालयको विज्ञप्ती

सर्वोच्च अदालतको पूर्व प्रधान न्यायाधीश तथा तत्कालीन न्याय सेवा आयोगका अध्यक्ष नयन बहादुर खत्रीको मिति २०७६।२।८ गते बुधवार भएको असामयिक निधनबाट हामी मर्माहित छौ । उहाँ कानून मन्त्रालयको सचिव पदबाट २०१६ सालमा सर्वोच्च अदालतको न्यायाधीश पदमा र मिति २०३३।४।२४ गते सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्ति भई २०४२।८।२५ बाट सेवा निवृत्त हुन भएको थियो । पूर्व प्रधान न्यायाधीश खत्रीको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति भएको छ। शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।

पूर्व प्रधान न्यायाधीश नयन बहादुर खत्रीको असामयिक निधनमा शोक मनाउन मिति २०७६।२।१२ गते आइतवार एक दिन सर्वोच्च अदालत सहित सम्पूर्ण अदालतहरु शोक विदाको रुपमा बन्द रहने भनी सर्वोच्च अदालतको पूर्ण वैठकले निर्णय गरेको जानकारी प्राप्त भएको र सर्वोच्च अदालत विदा वा वन्द रहँदा न्याय परिषद सचिवालय समेत बन्द रहने भन्ने न्याय परिषदको पूर्व निर्णयानुसार शोक विदाको रुपमा यस सचिवालय मिति २०७६ साल जेष्ठ १२ गते आइतवार एक दिन बन्द रहने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

सह-प्रवक्ता

२०७६।०२।१२